# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## लुम्बिनी प्रदेश
बुटवल, रुपन्देही

डिप्लोमा /प्रमाणपत्र तह तथा प्रि–डिप्लोमा तहको बर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फको लागि आवेदन फारम भरेका प्रशिक्षार्थीहरुको पुनः नतीजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

**तेस्रो पटक प्रकाशित मितिः२०७८।०९।०४**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदबाट संचालन गरिने डिप्लोमा/ प्रमाणपत्र तहतथा प्रि–डिप्लोमा तहका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक शत्र २०७८/०७९को लागि परिषदबाट संचालन स्वीकृति पाएका आँगिक, साझेदार, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा(TECS) कार्यक्रम र निजि स्तरमा संचालित शिक्षण संस्थाहरुबाट परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको निर्देशिका र सूचनानुसार डिप्लोमा/ प्रमाणपत्र तह तथा प्रि–डिप्लोमा तहको विभिन्न विषयहरुमा आवेदन फारम भरेका प्रशिक्षार्थीको मिति २०७८।०७।११ गते दोस्रो पटक प्रकाशित नतिजाको सूचनानुसार मुख्य सफल प्रशिक्षर्थीहरुले मिति २०७८।०७।१७ गते सम्म भर्ना भईसकेको हुनुपर्नेमा उक्त मिति सम्म भर्ना नभई रिक्त रहेका सिटहरुको लागि बैकल्पिक / पास लिष्टमा भएका प्रशिक्षार्थीहरुको भर्नाको लागि तपसिल बमोजिम नतिजा प्रकाशित गरिएको छ ।सफल प्रशिक्षार्थीहरुले मिति २०७८।०९।११ गते सम्म कार्यालय समय भित्र तोकिएको शिक्षण संस्थामा आफ्नो शैक्षिक योग्यता, नागरिकता वा जन्म दर्ता , छनौट भएको लक्षित वर्गको सक्कल प्रमाण पत्रहरु र Online फारम भर्दा प्राप्त भएको अनुमति पत्र सहित सिफारिस गरिएका शिक्षण संस्थामा भर्ना भई सक्नु पर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम प्रशिक्षार्थीहरुले पेश गरेका प्रमाण – पत्रहरु रुजु गरी भर्ना गर्न/गराउन हुन अनुरोध छ ।साथै तोकिएको मिति भित्र प्रशिक्षार्थीहरु भर्नाहुन नआई कुनै सिट रिक्त रहेमा भर्ना हुन नआएका प्रशिक्षार्थीको नाम, अनुमति नं.,लक्षित वर्ग समुह तथा रिक्त कोटा सहित उल्लेख गरी भर्ना म्याद सकिएको ३ दिनभित्र यस प्रदेश कार्यालयको ई–मेल ठेगाना : exam.ctevtp5@gmail.comमा पत्र मार्फत जानकारी गराउनुको साथै सोको वोद्यार्थ परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी ,भक्तपुरमा समेत पठाउन हुन अनुरोध छ । नतिजा परिषद् कार्यालयको वेभ साईट :www.ctevt.org.np र परिषद् लुम्बिनी प्रदेशको वेभ साईट : www.ctevtp5.org.np मा हेर्न हुन अनुरोध छ ।

**निर्देशक**